# आ. व.२०७५/७६ को प्रथम नौ महिना (श्रावण-चैत्र) अवधिको नेपालको वैदेशिक व्यापार वस्तुस्थिति

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रारम्भिक तथ्याँक अनुसार आ.व. २०७५/७६ को प्रथम नौ महीनाको अवधिमा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा २०.२ प्रतिशतले वृद्धि भई रु.११३१.४७ अर्व पुगेको छ । कुल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमशः ६.२ प्रतिशत र ९३.८ प्रतिशत रहेको छ । समीक्षा अवधिमा नेपालको कुल निकासी १७.५ प्रतिशतले वृद्धि भई रु ६९.८२ अर्व तथा कुल पैठारीमा २०.४ प्रतिशतले वृद्धि भई रु. १०६१.६५ अर्व पुगेको छ । आ.व. २०७४/७५ को प्रथम नौ महीनाको अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:१४.८ रहेकोमा आ.व. २०७५/७६ को सोही अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:१५.२ रहन आएको छ ।

उक्त अवधिमा नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा पोलिष्टर तथा अन्य धागो, फलाम तथा स्टील र तिनका उत्पादनहरु, ऊनी गलैंचा, तयारी पोशाक, जुट तथा जुटका सामानहरु, जुस, चिया, कपडा, अलैंची, पश्मिना सल प्रमुख रुपमा रहेका छन् । समीक्षा अवधिमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा पोलिष्टर तथा अन्य धागोमा २२.८ प्रतिशतले वृद्धि भई रु. ७.२४ अर्व, फलाम तथा स्टील र तिनका उत्पादनहरुको निर्यातमा ३१.६ प्रतिशतले वृद्धि भई रु. ५.३९ अर्व, ऊनी गलैंचाको निर्यातमा ७.७ प्रतिशतले वृद्धि भई रु. ५.४८ अर्व, तयारी पोशाकको निर्यातमा ६.३ प्रतिशतले वृद्धि भई रु. ४.६६ अर्व पुगेको छ। जुट तथा जुटका उत्पादनको निर्यातमा ६.७ प्रतिशतले वृद्धि भई रु ४.३० अर्ब पुगेको छ । यसै गरी समीक्षा अवधिमा ३.३८ अर्बको जुस, रु. २.४३ अर्वको चिया, रु. २.५३ अर्बको टेक्सटाइल, रु २.६५ अर्वको अलैंची, रु. १.६० अर्वको पशिमना सल, रु. १.४१ अर्बको फेल्ट, रु. १.२२ अर्बको जडिवुटी, रु. ९२.० करोडको मुसुरोको दाल, रु.८० करोडको जुत्ता निकासी भएको देखिन्छ ।

**चालु आर्थिक वर्षको प्रथम नौ महीनामा पाम आयल र भटमासको तेल नयाँ निर्यात वस्तुको रुपमा देखा परेका छन् । यस अवधिमा ती वस्तुहरुको आयात क्रमशः रु. ५ अर्ब ६६ करोड तथा १ अर्ब ४६ करोड रहेको छ । ती वस्तुहरुको हिस्सा नेपालको कुल निर्यातमा क्रमशः ८.१ प्रतिशत र २.३ प्रतिशत रहेको छ ।**

नेपालको निकासी व्यापारमा भारत, संयुक्त राज्य अमेरिका, जर्मनी, टर्की, युके, चीन, फ्रान्स, बंगलादेश, , इटाली, जापान, क्यानडा, अष्ट्रेलिया, नेदरलेण्ड्स डेनमार्क आदि प्रमुख रुपमा रहेका छन् ।

पैठारीतर्फ समग्रमा आ.व. २०७५/७६ को प्रथम नौ महीनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा पेट्रोलियम पदार्थमा ३२.८ प्रतिशतले वृद्धि भई रु. १५६.४० अर्ब पुगेको छ । यसै गरी समीक्षा अवधिमा फलाम

तथा स्टील र तिनका उत्पादनहरुको आयातमा २७.३ प्रतिशतले वृद्धि भई रु. १२४.५६ अर्ब, मशिनरी तथा पार्ट्समा ५.२ प्रतिशतले ह्रास आई रु. ८९.७७ अर्ब, यातायातका साधन र तिनका पार्टपुर्जामा ११.५ प्रतिशतले वृद्धि भई रु. ६९.८१ अर्ब, इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरुमा ३६.७ प्रतिशतले वृद्धि भई रु. ४३.८५ अर्ब, अन्नको आयातमा २१.१ प्रतिशतले वृद्धि भई ४०.२१ अर्ब, हवाईजहाज तथा हवाईजहाजका पार्ट्सको आयातमा १७१.१ प्रतिशतले वृद्धि भई रु २०.९७ अर्ब, तयारी पोशाकको आयातमा १६२.३ प्रतिशतले वृद्धि भई २६.१५ पुगेको छ । सुनको आयातमा ११.५ प्रतिशतले वृद्धि भई २६.०० अर्ब पुगेको छ। यसै गरी औषधीको आयातमा १३.८ प्रतिशतले वृद्धि भई रु. २३.२१ अर्ब पुगेको छ। पोलिथिन ग्रेन्युल्सको आयातमा २१.६ प्रतिशतले वृद्धि भई रु. १७.४६ अर्ब पुगेको छ। समीक्षा अवधिमा रु. १२.४९ अर्ब बराबरको रासायनिक मल र रु. १०.६१ अर्ब बराबरको सिमेन्ट क्लिङ्कर पनि आयात भएको देखिन्छ। दुरसञ्चारका सामाग्रीहरुको आयातमा १३.४ प्रतिशतले ह्रास आई रु. २१.८५ अर्ब पुगेको छ ।

नेपालको पैठारी व्यापारमा भारत, चीन, युएई, फ्रान्स, इण्डोनेशिया, थाइलेण्ड, क्यानडा, मलेशिया, स्वीट्जरलेण्ड, संयुक्त राज्य अमेरिका, अर्जेन्टिना, भियतनाम, साउदी अरेबिया, युक्रेन प्रमुख रुपमा रहेका छन्।

समीक्षा अवधिमा भौतिक संरचना निर्माणका सामाग्रीहरु जस्तै फलाम, स्टील तथा तिनका सामानहरु, सिमेन्ट, आलुमुनियम, तामा जस्ता वस्तुहरुको आयातमा भएको वृद्धिले मुलुकको विकासमा सकारात्मक योगदान दिएको देखिन्छ। यसै गरी मुलुकका लागि अति आवश्यक औद्योगिक कच्चापदार्थहरु जस्तै कच्चा पाम आयल, सिमेन्ट क्लिंकर, पोलिथिन ग्यानुअल, रबर, रसायन जस्ता वस्तुहरुको आयात उल्लेख्य रुपमा भएको छ। मलको आयातमा वृद्धि देखितापनि यस्तो आयातले कृषि उत्पादन वृद्धिमा ठूलो भूमिका खेलिरहेको देखिन्छ।

समीक्षा अवधिमा हवाईजहाज तथा हेलिकप्टरको आयातमा पनि वृद्धि देखिएको छ। यो वृद्धि पटक पटक नभई एक पटक मात्र हुने र यस्ता आयातले दीर्घकाल सम्म पूँजी निर्माण गर्नुका साथै देशको प्रमुख आयश्रोतका रुपमा रहेको पर्यटन क्षेत्रको विकासमा थप योगदान दिने निश्चित छ।

यसै गरी समीक्षा अवधिमा पेट्रोलियम पदार्थको आयातमा वृद्धि भए तापनि पेट्रोलियम पदार्थको अधिकाँश आयात औद्योगिक उत्पादन, मालवस्तु ढुवानी तथा सार्वजनिक यातायातमा खर्च भई रहेको सन्दर्भमा यी वस्तुहरुको आयातले पनि मुलुकको अर्थतन्त्रलाई सबल बनाउन महत्वपूर्ण योगदान दिएको पाइन्छ।

चालु आर्थिक वर्ष २०७५/७६ को समीक्षा अवधिमा समग्र निकासीमा उल्लेख्य रुपमा सुधार भए तापनि पैठारीमा देखिएको अत्यधिक वृद्धिका कारण व्यापारघाटामा २०.६ प्रतिशतले वृद्धि भई कुल व्यापारघाटा रु. ९९१.८२ अर्ब पुगेको छ।